बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं.२, नेपाल
२०७३

कमिराज उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

## नगरकार्यपालिकाको मिति २०७६ पौष ०४ गते बसेको बैठकको निर्णय

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट निर्देशन भएका ६१ बुँदे सुझावहरु कार्यान्वय गर्ने ।

२. बर्दिबास नगरपालिकाको MTMP निर्माणको लागि आवश्यक बजेट रु २० लाख मागमा आधारित कार्यक्रमबाट विनियोजन गर्ने ।

३. अपाङ्ग भवन निर्माणका लागि जनता मा वि संग २० वर्षको लागि जग्गा लिजमा लिन सम्झौता गर्ने ।

४. विभिन्न मितिमा तोकादेश बमोजिम भएका खर्चहरु अनुमोदन गर्ने ।

५. शुद्ध खानपानी आपुर्तिको लागि नगरकार्यपालिकाको गत सालको निर्णयानुसार तततत विद्यालयको खातामा निकासा भएको रकम शिक्षाँ शाखाको प्रतिवेदन अनुसार प्लान्ट जडान भएका विद्यालयमा खानेपानी सँग सम्बन्धित कार्यालयका प्राविधिक प्रतिनिधि, नगरपालिकाको इन्जिनियर एवं स्वास्थ्य/शिक्षा शाखाको स्थलगत अनुगमनका आधारमा प्रतिवेदन मगाइ सो को आधारमा रोक्का रकम फुकुवा गर्ने ।

६. गत आवमा सुचना प्रकाशित गरी सम्झौता भएका योजनाहरु क्रमशः कोल्ड स्टोर, लोकमार्ग देखि टुटेश्वर, वडा नं ४,६ र १० को आधारभुत स्वास्थ्य चौकी को ५० % म्याद थप गर्ने तथा कोल्ड स्टोर र लोकमार्ग देखि टुटेश्वर सम्मको सडक खण्ड योजनाको VO गर्ने

७. नगरपालिकामा नगरक्षेत्रको शान्ती सुरक्षा फोहोरमैला लगायतका अन्य कामहरु गर्नका लागि अ.स.इ- १ (एक), हवल्दार-१ (एक) र नगर प्रहरी जवान-७ (सात) करार सेवाबाट लिन सुचना प्रकाशन गर्ने ।

८. गत आवको भुक्तानि बाँकि योजना मध्ये कटुवाल टोलमा डिप बोरिङ्ग योजनाको मागमा आधारित कार्यक्रमबाट भुक्तानि दिने ।

९. महिला विकास तर्फका सामाजिक परिचालिकाहरुको साउन देखि मंसिर महिना सम्मको खाइपाइ आएको सुविधा नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी दिइ पुषबाट सम्झौता भंग गर्ने ।

१०. नगरपालिकाको गुरु योजना, मध्यकालिन खर्च संरचना र आवधिक योजना निर्माण गर्ने ।

११. बर्दिबास नगरपालिकाबाट आ.व. ०७६/७७ मा संचालन हुने योजनाहको सन्दर्भमा सरकारी स्वामित्व भएको संरचनाको हकमा १० प्रतिशत लागत सहभागिता वापतको रकम जम्मा गर्न अनिवार्य नहुने र अब उप्रान्त गठन हुने उपभोक्ता समितिका पदाधिकारीहरुले योजना सम्झौता गर्दाका बखत अनिवार्य स्वघोषणा गर्नु पर्ने ।

१२. कृषि कलेजका लागि थप आवश्यक जग्गा १-१८-०-० र मेयर कृषि कार्यक्रमको लागि थप आवश्यक जग्गा जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ (क) १३ कृषि कलेजका लागि थप आवश्यक जग्गा १-१८-०-० र मेयर कृषि कार्यक्रमको लागि थप आवश्यक जग्गा जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ (क) बमोजिम साविक २५ नं बहादुरगंज गा.वि.स. वडाँ नं ४ ज कित्ता नं १४,१५,१८,१९,२१,२२,२३,२४ र २५ तथा सो बाट कित्ताकाट भइ बनेका सम्पुर्ण कित्ताहरुको जग्गा मुआब्जा र अन्य सबै खर्च नगरपालिकाले व्यहोर्ने गरी जग्गा प्राप्ती गराइ दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

१३. नदिजन्य पदार्थ गैरकानूनी उत्खनन् तथा बिक्री गर्दा असुल भएको दण्ड वापतको रकमको २०% प्रोत्साहन रकम इलाका प्रहरी कार्यालय बर्दिबासलाई उपलब्ध गराउने ।

१४. मेयर आवास जाने बाटोको टहरा भत्काई इलाका प्रहरी कार्यालय परिसरभित्र प्राविधिक ल.इ. को आधारमा आवासका लागि टहरा निर्माण गर्ने ।

१५. मिति २०७६ पौष ५ गते नगरपालिकाको आयोजनामा हुन लागिरहेको NAST को कार्यक्रमको समग्र खर्च व्यवस्थापन जिम्मेवारी नगरपालिकाबाट हुने ।

१६. यस नगरपालिका अन्तर्गतको कृषि विकास बोर्डको कार्यकारी उपाध्यक्ष श्री मदन कुमार अर्यालले मिति २०७६/०८/१८ मा पेश गरेको राजीनामा स्वीकृत गर्ने ।